# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

जिल्ला कमिटी, धुन्चे, रसुवा

प.सं. :–

च.नं. :–

श्री जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

मिति : २०८०।०७।१८

## बिषय : ज्ञापन पत्र सम्बन्धमा ।

रसुवा जिल्ला गोसाईकुण्ड गाँउपालिका वडा नम्वर १ थुमन गाँउमा मिति २०८०।०७।०५ गते राति गोसाईकुण्ड गाँउपालिका वडा नं. १ थुमनमा भेण्डा भनिने फुर्पु छिरिङ तामाङ लगाएतका ३।७ जनाको टोलीहरु मिलि दशैंको अवसरमा जाँडरक्सी खाईपिई गरी राती करिव ९:३० वजे घर फर्किदा घरको सिढी चढ्ने क्रममा पछाडीबाट टाउकोमा गहिरो चोट पुग्ने गरी सोही गाँउमा बस्ने काले भनिने छिरिङ तामाङले प्रहार गरिएको र सो लगतै भेण्डा भनिने फुर्पु छिरिङ तामाङलाई काठमण्डौमा उपचारका लागि लगिएको र भेण्डा भनिने फुर्पु छिरिङ तामाङका परिवारले मिति २०८०।०७।०७ गते थुमन प्रहरी चौकीमा उजुरी गरेपछि घटनाका अभियुक्त भनिएका हाल बेपत्ता रहेको व्यक्ति छिरिङ तामाङलाई पक्राउ गरी नियन्त्रणमा लिएको र सो पश्चात पछि उपस्थित हुने गरी छाडेको र मिति २०८०/०७/०८ गते जिल्ला प्रहरी कार्यालयमा लाने तयारी भएको अवस्थामा अभियुक्त भनिएका छिरिङ तामाङका दाई सोनाम छिरिङ तामाङको अनुरोधमा वडामा छलफल गराईदिनु भनि अनुरोध गरे पश्चात वडा कार्यालयमा दुवै पक्षलाई राखि छलफल गर्दा कुनै निष्कर्ष नआएपछि जिल्ला प्रहरी कार्यालय धुन्चे, रसुवामा अभियुक्त भनिने छिरिङ तामाङलाई लानको लागि प्रहरी संग रहेको सवारी साधन मोटर साईकल १ थान मात्र रहेको हुनाले वडा अध्यक्ष उर्केन छिरिङ तामाङलाई सहयोग मागी थुमनमै बस्ने दावा तामाङको मोटर साईकल प्रयोग गरी जिल्ला प्रहरी कार्यालय लाने क्रममा दुई जना प्रहरी, अभियुक्त छिरिङ तामाङ र दावा तामाङ गरी ४ जना रोडगा क्षेत्रमा आइपुग्दा अभियुक्त छिरिङ तामाङले मोटर साईकल चालक दावा तामाङलाई धक्का दिई अभियुक्त रोडगा क्षेत्रको भिरबाट हामफाली फरार भएको जानकारी आएकोले सो घट्नाको क्रममा अभियुक्त भनिएका छिरिङ तामाङ हाल सम्म पनि बेपत्ता रहेका हुँदा नेकपा एमाले जिल्ला कमिटी रसुवा दुख प्रकट गर्दछ ।

यस घट्नालाई राजनितिक रुपले अन्यत्र तिर मोडिन खोजिएकाले सत्य तथ्य पत्ता लागाई घट्नाको ठोस यथार्थ जानकारी यथाशिघ्र रुपमा सार्वजनिक गरिदिनको लागि समेत अनुरोध गरिन्छ ।

अभियुक्त भनिने छिरिङ तामाङ हाल बेपत्ता व्यक्ति जसलाई जिल्ला प्रहरी कार्यालय रसुवा लानको लागि थुमन प्रहरी चौकीबाट सहयोग माग भए बमोजिम गोसाईकुण्ड गा.पा.वडा नं. १

का वडा अध्यक्षले सहयोग गर्ने क्रममा मुख्य योजनाकार भनि आरोप लगाएर अभियुक्त बनाउन खोजिएको देखिदा सो कार्यको घोर विरोध समेत गरिन्छ ।

मिति २०८०/०७/०८ गते बेपत्ता भएका छिरिङ तामाङलाई प्रहरी चौकी स्याफ्रुबेशी, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल नेपाल को संयुक्त टोलीले खोज तलास समेत गरिरहको र मिति २०८०/०७/१० गते ड्रोन क्यामेरा मार्फत पनि खोज तलास गरिएको साथसाथै मिति २०८०/०७/१४ र १५ गते सशस्त्र प्रहरी बलका तालिम प्राप्त गोताखोर टोली परिचालन गरिएको र प्रत्येक दिन खोज तलासका लागि सुरक्षाकर्मि तथा स्थानीय व्यक्तिहरु समेत सहभागि रहेतापनि हाल सम्म बेपत्ता छिरिङ तामाङको कुनै जानकारी प्राप्त नभएको अवस्थामा हामी सिंगो पाटी र स्थानीयबासीहरु सहानुभुति रहंदा रहंदै सो घटना घटिरहेको क्रममा राजनिति रुप लगाई घटनामा कुनै संलग्न नरहेको निर्दोष वडा अध्यक्ष उर्केन छिरिङ तामाङलाई मिति २०८०/०७/१४ गते जिल्ला प्रहरी कार्यालय धुन्चेमा सोधपुछ गर्न उपस्थितका लागि खबर गर्दा स्वयम आफै उपस्थित भई हाल सम्म अनुसन्धान जारी रहेको घटनालाई सहयोग गर्ने क्रम उल्टो घटनालाई अन्तै मोडिना खोजेको र हालको घटनाको परिस्थिती नियाल्दा घटनामा कुनै संलग्नता नरहेको व्यक्तिलाई विना कारण दुःख दिई अभियुक्त बनाउन खोजिएको हुंदा सो कार्य प्रति हाम्रो पाटी नेकपा एमाले जिल्ला कमिटी रसुवाको ध्यानाकर्षण भएको छ र यस कार्य प्रति घोर विरोध गरीन्छ ।

प्रहरी प्रशासनलाई सहयोग गर्ने क्रममा उल्टो आरोपित र अभियुक्त बनाउन खोजिएकाले तत्काल ३ दिन भित्र निशर्त सम्मानका साथ निर्दोष वडा अध्यक्ष उर्केन छिरिङ तामाङलाई रिहाईको लागि अपिल गरिन्छ । अन्यथा चरण बद्ध रुपमा विभिन्न आन्दोलनका कार्यहरु गर्न बाध्य हुने समेत जानकारी यस ज्ञापन पत्र मार्फत सुचित गरिन्छ ।

.....................

कर्न्याल लामा

अध्यक्ष